कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

# SANVI€Nergy

## सान्भि इनर्जी लिमिटेड
## SANVI ENERGY LIMITED

**रजिष्टर्ड ठेगाना:** काठमाडौँ महानगरपालिका, वडा नं. २, मेट्रोपार्क विल्डिङ्ग, लाजिम्पाट, काठमाडौँ, नेपाल,
फोन नं. : ९७७-०१-४५१५५१३, वेबसाइटः www.sanvienergy.com इमेलः energysanvi513@gmail.com

# आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि साधारण शेयरको निष्काशन तथा बिक्री बन्द गरिएको बारे

सान्भि इनर्जी लिमिटेडको जारी रु. ८८,००,००,०००/- (अक्षरेपी अठासी करोड रुपैयाँ मात्र) मध्ये ४३.०७% (नजिकको २ अङ्कमा) अर्थात रु.३७,९०,००,०००/- (अक्षरेपी सैंतिस करोड नब्बे लाख रुपैयाँ मात्र) बराबर प्रति शेयर रु.१००/- अङ्कित मूल्यको ३७,९०,००० कित्ता साधारण शेयर सर्वसाधारणहरुलाई छुट्याइएकोमा यस मध्ये धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ समेतको अधिनमा रही जारी पूँजीको १०% अर्थात रु. ८,८०,००,०००/- (अक्षरेपी आठ करोड असी लाख रुपैयाँ मात्र) रकम बराबरको रु. १००/- अङ्कित दरका ८,८०,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्र **ईलाम जिल्लाको ईलाम नगरपालिका वडा नं. १० (साविकको गोदक गा.वि.स. का १ देखि ९ नं. सम्मका वडाहरु समेत), माईजोगमाई गाउँपालिका वडा नं. १ (साविकको नयाँबजार गा.वि.स.का १-४, ६-९ नं. वडाहरु समेत) माईजोगमाई गाउँपालिका वडा नं. ३ र ४ (साविकको नाम्सालिङ्ग गा.वि.स. का १ देखि ९ नं. सम्मका वडाहरु तथा नयाँबजार गा.वि.स. को वडा नं. ५ समेत), सूर्योदय नगरपालिका वडा नं. १० (साविकको फिक्कल गा.वि.स. का ६ देखि ९ नं. सम्मका वडाहरु तथा तत्कालिन सूर्योदय नगरपालिकाका ६, ७ नं. वडाहरु समेत) तथा सूर्योदय नगरपालिका वडा नं.११ (साविकको पञ्चकन्या गा.वि.स.का २, ३, ४, ५, ६, ८ नं. वडाहरु तथा तत्कालिन सूर्योदय नगरपालिकाका ३, ४, ५ नं. वडाहरु समेत)** का स्थायी बासिन्दाहरुलाई तथा सर्वसाधारणहरुको लागि सार्वजानिक निष्काशन गर्न छुट्याइएको जारी पूँजीको ३३.०७% (नजिकको २ अङ्कमा) अर्थात रु.२९,१०,००,०००/- (अक्षरेपी उनन्तीस करोड दश लाख रुपैयाँ मात्र) रकम बराबरको रु. १००/- अङ्कित दरका २९,१०,००० कित्ता मध्ये नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी बैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि १०% अर्थात २,९१,००० कित्ता शेयर बिक्री गर्नका लागि मिति २०८२ वैशाख ०५ गतेदेखि निष्काशन तथा बिक्री खुला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढी शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकोले **आज मिति २०८२ वैशाख १९ गते (बैकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण केन्द्रहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारिक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ वैशाख १९ गते (बैकिङ्ग समय पश्चात्)** बन्द गर्नु हुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि | |
|---|---|
| दरखास्त दिनुपर्ने न्युनतम कित्ता | १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम कित्ता | २०,००० कित्ता |

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि | |
|---|---|
| दरखास्त दिनुपर्ने न्युनतम कित्ता | १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम कित्ता | २०,००० कित्ता |

**दरखास्तसाथ प्रति शेयर रु.१००/- का दरले शतप्रतिशत भुक्तानी गर्नुपर्ने**

**नेटवर्थ सम्बन्धी विवरणः**

| विवरण | वास्तविक | | | अपरिष्कृत पौष मसान्त २०८१ | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | ०७८/०७९ | ०७९/०८० | ०८०/०८१ | | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ |
| प्रति शेयर नेटवर्थ रु. | १०४.२४ | १०४.४९ | १२०.७४ | १२४.२० | १२१.३३ | १३२.३६ | १४६.३१ |
| प्रति शेयर आम्दानी रु. | १०.७३ | ५.७२ | १७.०३ | ३.८१ | ९.५३ | ११.०२ | १२.८५ |
| सञ्चित नाफा नोक्सान (रु. हजारमा) | २०,७८७ | २२,४९५ | १०३,८८६ | १२१,२५९ | १८७,७८४ | २८४,७७२ | ४०७,५६३ |

**जलविद्युत आयोजनाको प्रति मेगावाट लागत सम्बन्धी विवरणः**

जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा) को कूल लागत रु. १,५७,२९,५२,५४४/- (Interest During Construction सहित) छ भने यस आयोजनाको प्रति मेगावाट लागत रु. २०,६९,६७,४४०/- रहेको छ। त्यसैगरी निर्माणधिन जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को कूल अनुमानित लागत रु.१,००,९१,१३,०००/- (Interest During Construction सहित) छ भने यस आयोजनाको अनुमानित प्रति मेगावाट लागत रु.१९,४०,६०,१९२.३१ रहेको छ।

**विद्युत उत्पादन अनुमतिपत्रको बाँकी अवधिः**

**अनुमतिपत्र बहाल रहने अवधि जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा) को मिति २०६९/१२/२९ देखि २१०४/१२/२८ सम्म रहेकोले हालबाट २३ वर्ष १ महिना बाँकी रहेको तथा जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को मिति २०७६/१०/०१ देखि २११२/०९/३० सम्म रहेकोले हालबाट ३० वर्ष ११ महिना बाँकी रहेको छ।**

**परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरणः**

**जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा) को साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period): ५.५३ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period): ८.२९ वर्ष, खुद वर्तमान मूल्य (NPV) रु.५५,५८,८८,५१७, आन्तरिक प्रतिफल दर (IRR) १६.४२% रहेको छ भने जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period): ६.७३ वर्ष र डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period): ११.१० वर्ष, खुद वर्तमान मूल्य (NPV) रु.३१,३४,५५,०००, आन्तरिक प्रतिफल दर (IRR) १३.७८% रहेको छ।**

**जलविद्युत आयोजनाको कुल लागत विवरणः**

**जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा) को कुल अनुमानित लागत (Interest During Construction (IDC) सहित रु. १,५७,२९,५२,५४४/- रहेको छ। त्यसैगरी निर्माणधिन जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को कूल अनुमानित लागत (Interest During Construction (IDC) सहित रु.१,००,९१,१३,०००/- रहेको छ।**

**इस्युअर रेटिङ्ग सम्बन्धी विवरणः**

**यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लि.बाट इस्युअर रेटिङ्ग गराई सो को रेटिङ्ग मिति २०२४ डिसेम्बर २४ गते [CARE-NP BB+( IS) {Double B Plus (Issuer)}" प्रमाणपत्र प्राप्त गरेको छ । जसले समयमै कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औषत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो रेटिङ्गको वैद्यता मिति २०२६ फेब्रुअरी २७ तारिख सम्म रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D(IS) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार लाई जनाउँदछ भने CARE-NP D(IS) ले कमजोर आधारलाई जनाउँछ । CARE-NP BBB देखि CARE-NP BB(Is) ले औसत आधारहरु जनाउँदछ। "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) ले औषत भन्दा कम आधारहरुलाई जनाउँदछ । दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँदछ ।**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढि आफ्नो स्वःविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८१ चैत्र २७ गतेको "अन्नपुर्ण पोष्ट"** राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.sanvienergy.com, नेपाल धितोपत्र बोर्डको वेवसाइटः www.sebon.gov.np अथवा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.nsmbl.com.np मा रहेको **"विवरणपत्र"** हेर्नुहुन अनुरोध गर्दछौं ।

**नोटः आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयरहरु बाँडफाँड भएको मितिले तीन (३) वर्ष पूरा नभएसम्म अरु कसैलाई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन ।**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

**नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड**
**Nepal SBI Merchant Banking Ltd.**

NSMBL

लेखनाथमार्ग, ठमेल, काठमाडौँ,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइटः www.nsmbl.com.np